**Informal Sector Service Centre (INSEC)**
www.inseconline.org
For Human Rights and Social Justice

**नेपाल महाभूकम्प २०७२ अपडेट : २५औं दिन**
**मिति : ०७२ जेठ ५**
**अन्तिम अपडेट : २२:०० बजे**

**मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)**
मृतक : ८,६१७
घाइते : १६,८०८

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा स्थानीय तहदेखि केन्द्रसम्मका विभिन्न सङ्घ संस्थाहरूबाट सहयोग प्राप्त भइरहेको छ । यसै क्रममा जेठ ५ गते बिहान अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का कर्मचारीबाट सात दिनको पारिश्रमिक बराबरको रकम इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेलले सम्माननीय प्रधानमन्त्री सुशील कोइरालालाई प्रधानमन्त्री निवास बालुवाटारमा हस्तान्तरण गरे । सोही समय नेपाल वायु सेवा निगम र प्रकृति संरक्षण कोषले पनि प्रधानमन्त्री राहत कोषमा कर्मचारीहरूबाट सङ्कलित रकम बुझाएका थिए ।

मुलुकको आधा जनसङ्ख्या बाँच्नका लागि कठिन सङ्घर्ष गरिरहेको बेला कालोबजारी, राहत सामग्री बिक्री वितरण, चोरी, लुटपाट,यौन दुर्व्यवहार, बालबालिका ओसारपसार जस्ता आपराधिक घटनाहरूले थप चिन्ता सिर्जिएको छ । सुरक्षा क्षेत्रका मानव संशाधन उद्धार, राहत र अन्य व्यवस्थापनमा खटिरहेको मौका छोपेर भइरहेका आपराधिक घटना न्यूनीकरणका लागि आम समुदाय स्वयम् सचेत हुनुका साथ साथै अन्य उपायहरू अबलम्ब न गर्नु आवश्यक देखिएको छ ।

भूकम्पपीडितहरू रहेका शिविरहरूमा बालबालिका ओसारपसारको विषयमा सचेतना फैलाउन गैरसरकारी क्षेत्रसँग समन्वय गरी बालकल्याण समितिले कायक्रम सञ्चालन गर्नु प्रभावकारी हुनेमा विश्वस्त हुन सकिन्छ । यस्तै यस्ता शिविरहरूको सुरक्षाका लागि पूर्व प्रहरी, पूर्व सैनिकहरूको टोलीको सहयोगमा सुरक्षा व्यवस्था चुस्त पार्न सहयोगी हुन सक्छ । स्थानीय सङ्घसंस्था, टोल समितिहरूबाट सुरक्षा समूह तयार पारी आपराधिक घटना हुन नदिन महत्वपूर्ण भूमिका निर्वाह गर्न सकिन्छ ।

## उल्लेख्य

- ललितपुरका गोटीखेल, मानिखेल, शंखु, दलचोकी, चौघरे र भारदेउ गाविसका भूकम्प पीडितहरू गाउँलेहरू वर्षायाम नजिकिँदै आएको भन्दै अस्थायी बासस्थान बनाउन लागि परेका छन् । इन्सेक ललितपुर प्रतिनिधि जेठ ४ गते उक्त गाउँमा पुग्दा स्थानीयहरू अस्थायी बासस्थानका लागि जुटिरहेका थिए ।
- व्यवस्थापिका संसदको राष्ट्रिय विपत् व्यवस्थापन अनुगमन तथा निर्देशन समितिको नुवाकोट गएको टोलीले सडकले छोएको ठाउँमा राहत पर्याप्त पुगेको तर, सडकले नछोएको गाउँमा फाट्टफुट्ट मात्र पुगेको जनाएको छ ।
- काठमाडौंको नागार्जुन नगरपालिकाअन्तर्गतका रामकोट र भीमढुङ्गा क्षेत्रका ९० प्रतिशत घरहरू क्षतिग्रस्त भएका छन् । हाल त्यहाँका जनता पालमै बस्न बाध्य छन् । भीमढुङ्गा क्षेत्रमा वर्ल्ड भिजन नामक संस्थाले पर्याप्त मात्रामा पाल, खाद्यान्न, स्वास्थ्य शिविर लगायतको सेवाहरू उपलब्ध गराएको छ । तर, रामकोटका भूकम्प पीडितहरूले भने हालसम्म पनि ओत लाग्नका लागि पाल नपाएको भन्दै इन्सेक प्रतिनिधिसँग गुनासो गरेका छन् ।
- राष्ट्रिय विपद् व्यवस्थापन अनुगमन तथा निर्देशन विशेष समितिले भक्तपुरको भूकम्प प्रभावित क्षेत्रको अनुगमन जेठ २ गतेदेखि सुरु गरेको छ । भक्तपुरमा अनुगमन गर्ने जिम्मेवारी पाएका संसदीय

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline

टोलीका सदस्य तथा सभासदहरू प्रेम सुवाल, भीम रावल, गोपालमान श्रेष्ठ तथा कुन्ती शाहीको टोलीले अनुगमन कार्य सुरु गरेको हो ।

- काठमाडौँको कीर्तिपुर नपा-२ मैत्रीनगरका भूकम्प पीडितले र भूकम्प गएको आज २४ दिन बितिसक्दा पनि सरकारी तथा गैरसरकारी सङ्घसस्थाका प्रतिनिधि मैत्रीनगरवासीको दुःख बुझ्न नआएको इन्सेक काठमाडौं प्रतिनिधिसँगको कुराकानीमा बताए । मैत्रीनगर वडाका सचिव केश महर्जनकाअनुसार मैत्रिनगरका ९० प्रतिशत घर भूकम्पका कारण क्षतिग्रस्त छन् ।
- महाभूकम्प तथा त्यसका शक्तिशाली पराकम्पनका कारण क्षतिग्रस्त बनेका खोटाङका १ सय ८३ विद्यालयमा पालको अस्थायी टहरा बनाएर पठनपाठन सुचारु गराउने तयारी गरिएको छ ।
- वैशाख १२ गतेको महाभूकम्पले गोरखाका २२ गाउँका दुई हजार दुई सय १४ घरधुरीलाई पुनर्बास गराउनुपर्ने भएको छ । निर्वाचन क्षेत्र नम्बर २ र ३ का ११ गाविसका गाउँमा भूकम्पले पहिरो जाने, जमिन भासिने भएपछि गाउँ पुर्नस्थापना गराउन नसकिने निष्कर्ष जिल्ला दैवी प्रकोप उद्धार समितिले निकालेको छ । भूकम्पपछि ११ गाविसका बस्तीहरूमा पूर्णरूपमा क्षति पुगेको समितिले बताएको छ ।
- रामेछापको ५६ वटा स्वास्थ्य संस्थाहरू मध्ये २५ स्वास्थ्य संस्थाहरू पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् । जसमा जिल्ला अस्पताल रामेछाप, खिम्ती हेल्थ पोष्ट र २३ वटा स्वास्थ्य चौकीहरू परेका छन् । त्यसैगरी २५ स्वास्थ्य केन्द्रहरूमा आंशिक क्षति पुगेको छ भने ६ स्वास्थ्य केन्द्रमा कुनै क्षति भएको छैन । जस मध्ये आठ वटा वर्थिङ सेन्टरहरू पनि पूर्णरूपमा क्षतिग्रस्त भएका छन् ।
- सिन्धुपाल्चोक जिल्लाको तातोपानी गाविस-६, ७ र ८ वडाका भूकम्प पीडित बासको खोजीमा काठमाडौं आइपुगेका छन् । काठमाडौं महानगरपालिका-७ स्थित नयाँबस्तीको प्लानिङ क्षेत्रको खाली जग्गामा ३ सय भूकम्प पीडितहरूलाई अस्थायी बसोबासको लागि टेन्टको व्यवस्थापन होटल द्वारिकाले एक अमेरिकी संस्थाको सहयोगमा गरेको छ ।
- व्यवस्थापिका संसद राष्ट्रिय विपद व्यवस्थापन अनुगमन तथा निर्देशन विशेष समितिको टोली समक्ष दुर्गम मकवानपुरका भूकम्प पीडितहरूले सुगम क्षेत्र र पहुँच भएका पीडितहरूलेमात्र राहत पाएको गुनासो गरेका छन् । अनुगमन तथा निर्देशन समितिका टोली ०७२ जेठ ५ गते र हटिया र छतिवन गाविसका भूकम्पपीडितहरूलाई भेट्न पुगेको थियो ।

**पूर्ण विवरणका लागि** : http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline